**अनुसूची-१**

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

चिशंखुगढी गाउँपालिका

# स्थानीय राजपत्र

| खण्डः ५ | संख्याः ४ | मितिः२०७९/०५/०८ |
|---|---|---|

**भाग-२**

**चिशंखुगढी गाउँपालिका**

चिशंखुगढी गाउँ कार्यपालिका कार्यालयको

<u>सूचना</u>

**चिशंखुगढी गाऊँपालिका, सेर्ना, ओखलढुङ्गाको गुणस्तरीय शिक्षा विकास तथा साक्षरता सुधार परीयोजना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८**

**पहिलो संशोधन, २०७९**

कार्यपालिकाबाट प्रमाणित मितिः २०७९/०५/०८

राजपत्रमा प्रकाशित मितिः २०७९/०५/०८

**प्रस्तावना**

यस गाऊँपालिकाले आवश्यक कागजातहरु सहित गत आ.व. २०७७।७८ मा संघीय सरकारको राष्ट्रिय योजना आयोगमा पेश गरि चालु आ.व. २०७८।७९ देखि आ.व. २०८०।८१ सम्म लगातार ३ बर्ष बहुबर्षे आयोजनाका रुपमा कार्यान्वयनमा जाने गरि विशेष अनुदान अन्तर्गत Feasibility Study of Educational Status from Chishankhugadhi Rural Municipality को Final Report का आधारमा **चिशखुगढी गाउँपालिकाको गुणस्तरीय शिक्षा विकास तथा साक्षरता सुधार परीयोजना** गाउँ कार्यपालिकाको मिति २०७९।०५।०८ गतेको बैठकको निर्णयानुसार स्वीकृत गरिएका ७ वटा क्रियाकलापहरु तदनुरुप कार्यान्वयन गर्न गराउन बाञ्छनिय भएकोले यो कार्यविधि बनाइएको छ ।

निशान्त शर्मा
अध्यक्ष

**१. संक्षिप्त नाम र प्रारम्भ :**

यस कार्यविधिको नाम चिशंखुगढी गाउँपालिकाको गुणस्तरीय शिक्षा विकास तथा साक्षरता सुधार परियोजना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ रहेको छ ।

**२. यो कार्यविधि लागू हुने अवस्था** : यो चिशंखुगढी गाउँ कार्यपालिकाको बैठकबाट पारित भएको मितिबाट लागू भई आ.व २०८०।०८१ सम्म कार्यान्वयनमा आउनेछ ।

**३. गाउँपालिका** भन्नाले चिशंखुगढी गाउँपालिका सेर्ना ओखलढुंगालाई बुझिनेछ ।

**४ प्रतिवेदन** भन्नाले Feasibility Study of Educational Status from Chishankhugadhi Rural Municipality को Final Report लाई बुझिनेछ ।

**५ विशेष अनुदान** भन्नाले संघीय सरकारबाट प्राप्त विशेष अनुदान कार्यविधि २०७५ लाई जनाउनेछ । यो अनुदान प्रथम वर्ष १६६ लाख उपलब्ध भइसकेको र १५० लाख दोस्रो वर्षमा तथा २५० लाख तेर्सो वर्षमा गरी कुल ५ करोड ६६ लाख रकमको कार्यान्वयन गरिनेछ ।

<u>यस कार्यविधिको विस्तृत कार्यान्वयन खाका निम्नानुसार रहनेछ :</u>

क) <u>विद्यालयमा भौतिक पूर्वाधार निर्माण :</u>

प्रतिवेदनले देखाएझै गाउँपालिका भित्र १७ % मात्र पिलर सहितका Concrete विद्यालय भवनहरू रहेका र ५०% भन्दा बढी विद्यालयहरू कच्ची भवनहरू रहेका हुनाले सबैभन्दा कमजोर कच्ची भवनहरू रहेका विद्यालयहरू र तिनका कक्षा कोठाहरू लगायतका निर्माण तथा मर्मत संहारका कार्यहरू नेपाल सरकारको विद्यालय भवन निर्माण मापदण्ड अनुरूप निर्माण गर्दै लगिनेछ । साथै फर्निचरको अभाव रहेका विद्यालयहरूमा आवश्यक फर्निचर क्रमशः व्यवस्थापन गर्दै लगिनेछ ।

ख) <u>गरिब विपन्न लक्षित छात्रवृत्ति :</u>

प्रतिवेदनले देखाएझै गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा विद्यालय छाड्ने दर ७% रहेको जेहेन्दार अनि लगनशील सामाजिक आर्थिक अवस्था कमजोर बालबालिकाहरू विद्यालय शिक्षा : कक्षा १ देखि कक्षा १२ पुरा गर्न कठिन हुने प्राविधिक तथा व्यावसायिक धारको विद्यालय शिक्षा पढ्न गरिबीले मात्र अवरोध नगरोस् र जीवन उपयोगी व्यवसायिक शिक्षा हासिल गर्न सहयोग पुगोस् भन्ने ध्येयले गरिब लक्षित छात्रवृत्ति पालिका भरमा लागू गर्न आवश्यक देखिएको छ ।

- यस गाउँपालिकाका १ वडाबाट ८ जनाका दरले ८ वटै वडा अन्तर्गत संचालनमा रहेका ४१ वटा सामुदायिक विद्यालयहरूमा अध्ययनरत गरिब जेहेन्दार बेरोजगारहरूका छोराछोरीहरूलाई तीनको निवेदन, कक्षामा प्राप्त गरेको उत्कृष्ट १० जना भित्रको पास भएको नतिजा सहितको विद्यालयको

सिफारिस र वडा कार्यालयको सिफारिसका आधारमा १२८ जना विद्यार्थीहरूलाई रु ५,०००/- सम्बन्धित विद्यार्थीको खाता मार्फत वा भौगोलिक विषमताका कारण खाता खोल्न नसक्केको हकमा नगदै उपलब्ध गराईनेछ । कक्षामा अनुतीर्ण हुने र अनुशासन हीन विद्यार्थीहरूलाई यो सुविधा दिइने छैन ।

- कक्षा ११ र १२ मा Staff Nurse, H.A., Pharmacy, Radiography, LAB, Acupuncture, Forestry, Agriculture, अमिन, ICT, Sub-Engineering लगायत प्राविधिक धारको शिक्षा अध्ययन गर्ने गरिब जेहेन्दार बेरोजगारहरूका छोराछोरीहरु र पालिका भित्रैका सामुदायिक विद्यालयबाट माध्यामिक शिक्षा उतिर्ण गरेकालाई २ वर्षमा जम्मा २ पटक गरी ५०००० प्रति वर्षका दरले निज विद्यार्थीहरूको नवेदनमा उल्लेख गरिएकै बैंकको खातामा सम्बन्धित वडाको सिफारिसका आधारमा १ लाख का दरले १० जना विद्यार्थीहरूलाई उपलब्ध गरिनेछ । तर दोस्रो वर्ष यो रकम उपलब्ध गराउँदा पहिलो वर्षको परीक्षा उतिर्ण गरेको प्रमाण पेश गर्नु पर्नेछ अन्यथा दोस्रो किस्ता रकम त्यस्ता अनुतिर्ण हुने विद्यार्थीहरूलाई उपलब्ध गराइने छैन ।

    - यस गरिब विपन्न छात्रवृत्ति का निवेदन आह्वान प्रास्त निवेदन उपर छानबिन मूल्याङ्कन तथा योग्य विद्यार्थी सिफारिस गर्न निम्नानुसारको ५ जनाको छानबिन, मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ,
        - गाउँपालिकाको अध्यक्ष : संयोजक
        - गाउँपालिकाको उपाध्यक्ष : सदस्य
        - प्रमुख प्रशासकीय अधिकृत : सदस्य
        - सामाजिक विकास समितिको संयोजक : सदस्य
        - शिक्षा युवा तथा खेलकुद शाखाको प्रमुख : सदस्य सचिव

ग) <u>विद्यालयको जग्गा प्राप्तिका लागि सहजीकरण अनुदान :</u>

प्रतिवेदनले देखाएझै गाउँपालिका भित्रका ४१ सामुदायिक विद्यालय मध्ये ३८ वटाको आफ्नै जग्गामा भवनहरू रहेको छ भने बाँकी ३ वटा विद्यालयहरूमा जग्गा नै अभाव रहेको देखाएको अवस्थामा यस विशेष अनुदानलाई सबभन्दा कम जग्गा भएका विद्यालयहरूलाई जग्गा प्राप्तिमा उत्साहित गर्न र खरिद वा प्राप्तिमा सहजीकरण गर्न १६ लाख रुपैयाँ छुट्ट्याईएको छ । यो रकमले विद्यालयको नाममा जग्गा प्राप्ति गरि सबै रकम सक्नुपर्ने नभइ बचेको रकम विद्यालयको शैक्षिक गुणस्तर विकासमा प्रयोग गर्ने कार्यक्रमहरूमा विशेष अनुदान उपयोग गरिनेछ ।

निशान्त शर्मा
अध्यक्ष

घ) बाल विकासका सहजकर्ताहरु र शिक्षकहरूको पेशागत तालिम र विज्ञहरूको परामर्श कार्यक्रम :

प्रतिवेदनले देखाएझै बालविकास सहजकर्ताहरुलाई शैक्षिक सामाग्रीहरू निर्माण र प्रयोग सहित साना नानि-बाबुहरुको सर्वाङ्गीण विकासमा सहयोग पुर्याउनेछ र विद्यालय शिक्षाको लागि तयार पार्नेछ। यस्तै गाउँपालिका भित्रका ४१ सामुदायिक विद्यालयहरूमा वास्तवमा शिक्षण सिकाइको प्रभावकारीता गरि सिकाइ उपलब्धि वृद्धि गर्न मागमा आधारित शिक्षकका पेशागत विकासका तालिम प्याकेज निर्माण गरि विषय विज्ञ को प्रशिक्षण र परामर्श कार्यक्रमहरूमा विशेष अनुदान उपयोग गरिनेछ प्रयोग गरिनेछ।

ङ) बाल मैत्री कक्षा कोठा विकास :

यस गाउँपालिकाका बाल विकास उमेर समूह ३-४ वर्षका साना नानि-बाबुहरुको सर्वाङ्गीण विकासमा सहयोग पुर्याउन र विद्यालय शिक्षाको लागि तयार पार्न कक्षा कोठाहरू निर्माण, सजावट र विकास गरिनेछ। यसमा कक्षा कोठामा भुई सिलीसङ्ग, वाल सिलीसङ्ग, कार्पेटसङ्ग, साना साना कुशन डल र बाल सिकाई सामाग्रीहरू खरिद गरि खेल विधिद्वारा मनोरञ्जन सहित सिकाई का क्रियाकलापहरू संचालन गर्न सहयोग पुग्नेछ। चिशंखुगढी गाउँपालिका भित्र संचालनमा रहेका बालविकास कक्षाहरू विकास तथा व्यवस्थापन गरिनेछ। यस्ता कक्षाहरु छनौट गर्दा प्रत्येक वडाहरूमा सबैभन्दा बढि विद्यार्थीहरू भएका बाल-विकास केन्द्रहरू प्राथमिकताका आधारमा छनौट गरि क्रमशः सबै बाल-विकास केन्द्रहरूको कक्षा कोठाहरू बाल मैत्री रुपमा विकास गरि गुणस्तरीय शिक्षामा प्रवर्धन गरिनेछ।

च) विद्यालयमा आइ सिटि तथा अन्य सामाग्रीहरू सहयोग :

प्रतिवेदनले यस गाउँपालिकाका सामुदायिक विद्यालयहरुमा समयानुसारको आधुनिक शिक्षण सिकाइका कायाकल्पहरू गर्न कक्षा कोठाहरूमा Laptops, SMART Board, Projector, Desktop Computers, Printers, Internet, Filter, CC Camera, E attendance machine तथा अन्य सामग्रीहरु आवश्यकताका आधारमा खरिद ढुवानी जडान र सञ्चालनका लागि विद्यालयको क्षमता विकास लगायतका कार्यक्रमहरूमा विशेष अनुदान उपयोग गरिनेछ।

निशान्त शर्मा
अध्यक्ष

छ) विद्यालयहरूमा विद्युत उपलब्धता कार्यक्रम :

प्रतिवेदनले यस गाउँपालिकाका सामुदायिक विद्यालयहरूमा विद्युत आधुनिक तवरले सूचना प्रविधिका माध्यमबाट शिक्षण सिकाइ गर्न गराउन विशेष अनुदान का कार्यक्रम लागू गरिनेछ । यसका लागि आवश्यक क्रियाकलापहरु संचालन गरिनेछ ।

अनुसूची-१ माथिका कार्यक्रमहरूको विस्तृत बजेट विवरण निम्नानुसार रहनेछ :

| क्र.सं. | शीर्षक | विवरण | विनियोजित रकम रु |
|---|---|---|---|
| १ | ४ कोठे विद्यालय भवन निर्माण | कालिका आ.वि. भोजे चिशंखुगढी ६ भदौरे | ३९ लाख ६० लाख |
| २ | गरिब विपन्न लक्षित छात्रवृत्ति | कक्षा १ देखि कक्षा १० सम्मका १२८ जनालाई / प्रति विद्यार्थी ५००० | ६ लाख ४० हजार |
| | | कक्षा १० र ११ सम्मका २० जनालाई वर्षको ५०००० का दरले / प्रति विद्यार्थी | १० लाख |
| ३ | जग्गा नहुने विद्यालयलाई जग्गा प्राप्तिमा सहजीकरण अनुदान | विद्यालयहरूलाई (आवश्यकतामा आधारित) | ८ लाख |
| ४ | शिक्षकको पेशागत तालिम र परामर्श (ICT तथा अन्य तालिम) | विद्यालयका विभिन्न तहका शिक्षकहरूलाई मागमा आधारित (१५ जना) | १० लाख |
| | | बाल-विकास सहजकर्तालाई तालिम | ५ लाख |
| ५ | बालबालिका मैत्री कक्षा विकास | ५ वटा विद्यालयका लागि | १० लाख |
| ६ | विद्यालयहरूमा ICT : Interactive Board | ७ माध्यामिक विद्यालयलाई ७ वटा | २५ लाख |
| ७ | विद्युत नभएका विद्यालयहरूलाई विद्युत व्यवस्थापन | विभिन्न विद्यालय | २ लाख |
| ८ | सि.सी. टिभी व्यवस्थापन | विभिन्न विद्यालय | १० लाख |

सिद्धान्त शेर्पा
अध्यक्ष

| | | | |
|---|---|---|---|
| ९ | विद्युतिय हाजिरी मेसिन खरिद तथा व्यवस्थापन | विभिन्न विद्यालय | १० लाख |
| १० | प्रिन्टर | १० वटा विद्यालय | ४ लाख |
| ११ | खानेपानी फिल्टर खरिद तथा वितरण | सबै सामुदायिक विद्यालय | १० लाख |

**अनुसूची १.१ -**

**माथिको तालिकाको सम्पूर्ण सामाग्रीहरू खरिदको विस्तृत विवरण तल उल्लेख भए बमोजिम रहनेछ ।**

**चिशंखुगढी गाउँपालिकाको गुणस्तरीय शिक्षा विकास तथा साक्षरता सुधार परियोजना**

**आ.व. : २०७९।०८०**

| क्र सं | कार्यक्रम | एकाई | दर | जम्मा | विद्यालय |
|---|---|---|---|---|---|
| १ | इन्टरएक्टिभ बोर्ड खरिद तथा वितरण | ७ | ३५७१४३ | २५००००० | ७ मा वि |
| २ | सि सि टिभि खरिद तथा व्यवस्थापन | १३ | ७६९२३ | १०००००० | १३ विद्यालय (बढी विद्यार्थी संख्या भएका ) |
| ३ | प्रिन्टर खरिद | १० | ४०००० | ४००००० | १० विद्यालय (बढी विद्यार्थी संख्या भएका ) |
| ४ | विद्युतीय हाजिरी खरिद तथा व्यवस्थापन | १५ | ७०००० | २८०००० | १५ विद्यालय (बढी विद्यार्थी संख्या भएका ) |
| ५ | खानेपानी फिल्टर खरिद तथा वित्तरण | ४० | २५००० | १०००००० | सबै सामुदायिक विद्यालय (पुग्नेसम्म) |
| | जम्मा रु. | | | ४०००००० | |

**आज्ञाले,**
**लोकमणि खनाल,**
**प्रमुख प्रशासकीय अधिकृत**